# सुनाखरी समाचार

स्वतन्त्र-निर्भीक-निष्पक्ष


# गति जल विद्युत परियोजनाले आगामी जूनदेखि उत्पादन शुरु गर्ने

## राज्य सरकारले वार्षिक ३० करोड़ राजस्व पाउनेछ : श्रीवास्तव



निर्माणको अन्तिम चरणमा रहेको गति जलविद्युप परियोजनाको बाँध। फोटोः प्रवीण खालिङ।

गान्तोक, ९ मार्च। सिक्किम सरकारको प्राकृतिक संसाधनको दोहन गरेर आर्थिक विकास गर्ने निर्णयले अहिले सकरात्मक परिणाम दिन थालेको छ। राजधानी गान्तोकबाट प्रायः ८० किलोमिटर टाड़ोमा स्थित छुजाचेनमा निर्माणाधीन ९९ मेगावाट उत्पादन क्षमता भएको जल विद्युत परियोजनाले आगामी जून महीनादेखि विद्युत उत्पादन गर्नेछ।

रंगेली र रम्फूखोलामा निर्माण कार्य धमाधम चलिरहेको यो परियोजना पूरा भएपछि सिक्किम सरकारलाई उत्पादित विद्युतको १२ प्रतिशत विद्युत राजस्वको रूपमा प्राप्त हुनेछ। उक्त राजस्व राज्य सरकारलाई ३५ वर्षसम्म परियोजनाको निजी विकासकर्ता गति इन्फ्रास्ट्रक्चरद्वारा प्रदान गरिनेछ। परियोजनाका प्रमुख आर के श्रीवास्तवले भने, राज्य सरकारसित ३५ वर्षको निम्ति राजस्व प्रदान गर्ने अनुबन्ध भएको छ। परियोजनाबाट १४ प्रतिशत निःशुल्क विद्युत प्रदान गरिनेछ जसलाई राज्य सरकारले केवल ३ रुपियाँ प्रति युनिटको दरमा बिक्री गर्दा पनि वार्षिक ३० करोड़ रुपियाँ राजस्व प्राप्त हुनेछ।

श्रीवास्तवले भने, जल विद्युत परियोजना निर्माण कार्य २००७ सालदेखि शुरु गरिएको हो भने आगामी २५ जूनसम्ममा निर्माणकार्य पुरा हुनेछ। परियोजना निर्माणमा ८४० करोड़ रुपियाँ खर्च गरिएको तिनले बताए। रम्फू अनि रंगेली खोलाको पानी ३.५ लाख क्युबिक मिटर जल भण्डारण क्षमता भएको जलाशयमा भरेर रंगेलीबाट ८ किलोमिटर टाड़ोमा अवस्थित पाक्मि महकुम्माको पावर हाउसमा पुऱ्याएर विद्युत उत्पादन गरिन्छ। उत्पादित विद्युत २३.६ किलोमिटर ट्रान्समिशन लाइन दक्षिण सिक्किमको नामथाङस्थित फोङ्ला १३२ केबी पावर स्टेशनमा पुऱ्याएर देशको अन्यभागमा वितरण गरिनेछ। सिक्किममा निर्माणाधीन थुप्रै जल विद्युत परियोजनाहरूमध्ये परियोजना निर्माण पूरा गर्ने यो ९९ मेगावाटको गति दोस्रो परियोजना हुने छ। यसभन्दा अघि ५१० मेगावाट क्षमता भएको एनएचपीसीद्वारा निर्मित टिस्टा चरण पाँच २००९ को जुलाई महीनामा पूरा गरिएको थियो। उक्त परियोजनाको उद्घाटन केन्द्रीय विद्युत मन्त्री सुशिल कुमार सिन्देले गरेका थिए। आठ वर्ष लगाएर बनाइएको यो परियोजना निर्माणमा २६१९ करोड़ रुपियाँ खर्च गरिएको थियो। यो परियोजना पूर्वोत्तर भारतका केही ठूला परियोजनाहरूमध्ये एक हो। यसको उद्घाटनमा मन्त्री सिन्देले राज्यको विकास कार्यमा यसबाट उत्पादित राजस्व प्रयोग गर्न सकिने आशय व्यक्त गरेका थिए भने यो परियोजनाबाट राज्य सरकारले १२५ करोड़ रुपियाँ राजस्व १२ प्रतिशतको दरले प्राप्त गरिरहेको छ। -प्रवीण